जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी ज्यूको अध्यक्षतामा आज मिति २०७८/१०/२६ गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

| क्र.स. | नाम थर | पद | कार्यालयको नाम | दस्तखत |
|---|---|---|---|---|
| १ | लालबाबु कवारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय सिरहा | [signature] |
| २ | राम चन्द्र ठाकुर | समन्वय प्रमुख | जिल्ला समन्वय समितिको कार्यालय सिरहा | [signature] |
| ३ | रमेश कुमार थापा | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं ५ गण सिरहा | [signature] |
| ४ | तुल प्रसाद प्रसाई | उप. अ. नि. | रा० अ० जि का? | [signature] |
| ५ | सुवास कुमार कार्की? | प्र० ना० उ० | जि० प्र० का० सिरहा | [signature] |
| ६ | महेश मजकोटी | शेर गण (गु. से) | शेर गण, सिरहा | [signature] |
| ७ | राजदेव यादव | सभापति | रेडक्रस सिरहा | [signature] |
| ८ | शशि कुमार यादव? | इकाई प्रमुख | खाद्य निकाय तथा वि. इकाई सिरहा? | [signature] |
| ९ | सुजित कु. यादव | जि. स. स. | जि. स. स. सिरहा | [signature] |
| १० | रुप कुमार यादव | [illegible] | नेपाल महासंघ? | [signature] |
| ११ | प्रमोद कु. पोद्दार | अध्यक्ष | सिरहा उद्योग संघ | [signature] |
| १२ | कृष्णदेव यादव | प्रमुख | स्वास्थ्य कार्यालय, सिरहा | [signature] |
| १३ | | | | |
| १४ | | | | |

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७८/१०/२६ गतेको निर्णय।**

१. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १६७९ मिति २०७८/१०/२३ को प्राप्त पत्रानुसार पछिल्लो समयमा कोभिड-१९ तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रण गर्ने सम्वन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वयय केन्द्रको मिति २०७८/१०/२३ को बैठकबाट भएको देहायको निर्णयको व्यहोरा बैठकमा अवगत भयो। प्राप्त निर्देशनलाई कडाईका साथ पालना गर्ने गराउने।

- हेल्थ क्लव, क्लव, जिम खाना, स्विमिङ पुल तथा फुटसल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्ने गरी फागुन १ गते देखी राती १० बजेमा नबढ्ने गरी संचालन गर्ने।
- विश्वविद्यालय,विद्यालय,टयूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरु जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी २०७८ फाल्गुन १ गतेबाट संचालन गर्ने। विद्यालय संचालन गर्दा १२ वर्ष पुरा भएका विद्यार्थीका हकमा नियमित रुपमा तथा १२ वर्ष पुरा नभएका विद्यार्थीका हकमा आलोपालो दिनमा कक्षा संचालन गर्ने र यस सम्वन्धमा थप निर्णय प्राप्त भएमा सोही बमोजिम गर्ने गराउने।
- हाललाई पार्टी प्यालेसहरु जनस्वास्थ्यका मापदण्ड पालना गर्दै एक पटकमा कुल क्षमताको बढीमा पचासं प्रतिशत वा १०० जनामा नबढ्ने गरी संचालन गर्ने र यस सम्वन्धमा थप निर्णय प्राप्त भएमा सोही बमोजिम गर्ने गराउने।
- हाललाई खेलकुद कार्यक्रम संचालन गर्दा एक पटकमा कुल दर्शकको पचास प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड तथा सम्वन्धित खेलको प्रोटोकल परिपालन गरी संचालन गर्ने र यस सम्वन्धमा थप निर्णय प्राप्त भएमा सोही बमोजिम गर्ने गराउने।
- खोप कार्ड हराएका व्यक्तिहरुलाई खोप कार्डको प्रतिलिपि सहज ढंगबाट उपलव्ध गराउन सम्वन्धित स्थानीय तहको स्वास्थ्य शाखाले व्यवस्था मिलाउने र खोप कार्डको आपुर्ति स्वास्थ्य कार्यालय सिरहाले गर्ने।

२. कोभिड -१९ विरुद्धको खोप लक्षित समुदायमा चैत्र मसान्तसम्म शत प्रतिशतलाई लगाई सक्ने नेपाल सरकारको नीति बमोजिम मिति २०७८/१०/२५ गते सम्म सिरहा जिल्लाको कोभिड - १९ विरुद्धको खोपको प्रगति देहाय बमोजिम रहेको ;

- १२ देखि १७ वर्ष उमेर समुहमा प्रथम डोजको प्रगति १०० प्रतिशत।
- १२ देखि १७ वर्ष उमेर समुहमा दोस्रो डोजको प्रगति ७४ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा प्रथम डोजको प्रगति ६४ प्रतिशत।
- १८ वर्ष र सो भन्दा माथि समुहमा दोस्रो डोजको प्रगति ५१ प्रतिशत।

३. १२ देखि १७ वर्ष उमेर समूहका बालवालिकाहरुमा कोभिड-१९ विरुद्धको खोपको दोस्रो मात्राको प्रगति बढाउन लक्षित समूह भएका विद्यालयहरुले स्थानीय स्वास्थ्य शाखाहरु सँग समन्वय गरी अनिवार्य खोप लगाउने व्यवस्था गर्ने गराउने।

प्रमुख जिल्ला अधिकारी

४. सिरहा जिल्लामा कोभिड -१९ को संक्रमण एवं व्यवस्थापन सम्वन्धी देहायको अवस्थाबारे बैठकमा अवगत भयो ।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | दोस्रो चरणमा मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वारेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | बेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ९७ | ३ | १६६ | ० | ० | ९६ | ४२७ | २६६ | ० | ० | ९४ | ० | २ | ० | ० | ० | १५ | ८५७ | ३० | ४४ | १२ | २०५ |

प्रमुख जिल्ला अधिकारी